# अध्याय २: न्यायको साधन कि निन्त्रणको हतियार – Rule of Law vs Rule by Law




यो चित्रले तीनवटा कुरा एकैचोटि देखाउँछ:

**१. दुई फरक बाटो -**

- खुला, उज्यालो बाटो = विधिको शासन (Rule of Law)
- जाल र काँडाले भरिएको बाटो = कानूनद्वारा शासन (Rule by Law)

**२. कानूनको भूमिका**

- एउटामा कानून = सबैका लागि समान
- अर्कोतामा कानून = कमजोरमाथि कडा, शक्तिशालीमाथि

नरम

**३. नागरिकको अवस्था**

- विधिको शासन = सुरक्षित नागरिक
- कानूनद्वारा शासन = डराएको नागरिक

## न्यायको साधन कि नियन्त्रणको हतियार?

हामी प्रायः भन्छौँ—

"हामी कानूनको देशमा बस्छौँ।"

तर एउटा गहिरो प्रश्न छ:

• कानूनले शासन गरिरहेको छ?
• कि कानूनको नाममा शासन गरिँदै छ?

यी दुई कुरा देख्दा एउटै जस्तो लाग्छ,
तर परिणाम पूर्ण रूपमा फरक हुन्छ।

## १. विधिको शासन (Rule of Law)

• कानून सबैभन्दा माथि हुन्छ
• सबै नागरिक कानूनको अगाडि बराबर हुन्छन्
• सरकार पनि कानूनभित्र बस्छ

यसको अर्थ:

- प्रधानमन्त्री होस् वा सामान्य नागरिक — एउटै नियम
  - गरीब होस् वा धनी — एउटै न्याय
  - राज्य शक्तिशाली भए पनि — कानूनले बाँधिएको
- यहाँ कानून न्यायको आधार हो

## २. कानूनद्वारा शासन (Rule by Law)

- कानून प्रयोग गरिन्छ
  - तर न्यायका लागि होइन
  - नियन्त्रणका लागि

यसमा:

- कानूनलाई हतियार बनाइन्छ
  - जसलाई चाहियो उसलाई दबाउन प्रयोग हुन्छ
  - जसलाई बचाउन चाहियो उसलाई छुट दिइन्छ
- यहाँ कानून शक्ति प्रदर्शनको साधन बन्छ

### मुख्य भिन्नता:

| विधिको शासन (Rule of Law) | कानुनद्वारा शासन (Rule by Law) |
| --- | --- |

| | |
|---|---|
| कानुन सबैभन्दा माथि हुन्छ र सबैलाई समान रूपमा लागू हुन्छ। | कानुनलाई शासकहरूले जनतालाई नियन्त्रण गर्ने औजारको रूपमा प्रयोग गर्छन्। |
| यसले नागरिकको अधिकार र स्वतन्त्रताको रक्षा गर्छ। | यसले नागरिकलाई नियन्त्रण गर्छ र स्वतन्त्रतामा अंकुश लगाउँछ। |
| शासक र सरकार पनि कानुनको अधीनमा हुन्छन्। | शासक कानुनभन्दा माथि हुन सक्छन् वा आफ्नै सुविधाका लागि कानुन परिवर्तन गर्छन्। |

## ३. वास्तविकता: कागज कहिल्यै गल्ती गर्दैन?

नेपालमा एउटा अदृश्य नियम छ—

- सरकारी कागजले गल्ती गर्दैन
- गल्ती भए पनि, त्यसको मूल्य जनताले तिर्छ

हामीले धेरै पटक देखेका छौँ—

- नक्सा पास हुन्छ
- लालपुरजा दिइन्छ
- अनुमति आउँछ

मान्छेले विश्वास गर्छ

*घर बनाउँछ*

*जीवन लगानी गर्छ*

*तर केही वर्षपछि—*

- *"यो कागज मिलेन" भनिन्छ*
- *"मापदण्ड पुगेन" भनिन्छ*
- *अन्त्यमा डोजर आउँछ*

## ४. जिम्मेवारी कसको?

*प्रश्न उठ्छ—*

- *कागज कसले बनायो? —सरकारी कार्यालय*
- *परिणाम कसले भोग्यो? —जनता*
- *सरकारलाई सजाय? —हुँदैन*
- *जनतालाई? —हुन्छ*

## ५. नागरिक कि वन्यजन्तु?

*हाम्रो गाउँ मकालु बरुण राष्ट्रिय निकुन्ज क्षेत्रमा पर्छ।*

- *मेरो बुबालाई भालुले दुईपटक आक्रमण गरिसकेको छ*
- *ज्यान जान सक्थ्यो*

- गम्भीर चोट लागेको थियो

तर—

- क्षतिपूर्ति छैन
- उपचार छैन
- राज्यको साथ छैन

तर यदि—

- आफ्नो ज्यान जोगाउन भालुलाई प्रतिकार गरे
- भालु मरेको खण्डमा

- बुवा नै अपराधी ठहरिन्छन्
- जेल जानुपर्छ

## ६. यो कस्तो न्याय हो?

- वन्यजन्तु संरक्षणको कानून कडा छ
- नागरिक सुरक्षाको जिम्मेवारी कमजोर छ

व्यवहारमा—

- नियम बलियो
- मानिस कमजोर

## ७. गहिरो समस्या

हाम्रो प्रणालीमा यस्तो देखिन्छ—

- कागज बलियो छ
- मानिस कमजोर छ

- कागज बिग्रियो भने मानिस दोषी हुन्छ
- मानिस पीडित भयो भने कागज मौन बस्छ

## ८. स्पष्ट सत्य

- कानून कागजलाई जोगाउँछ
- मानिसलाई होइन

## ९. Concept स्पष्ट

- विधिको शासन —कानूनले न्याय गर्छ

- कानूनद्वारा शासन —कानूनले नियन्त्रण गर्छ

## १०. छोटो प्रहार

“कागजले गल्ती गर्‍यो

मानिसले सजाय भोग्यो

*मानिस मर्न लाग्यो*
*कागज चुप लाग्यो"*

## निष्कर्ष

- *विधिको शासनले देश बनाउँछ*
  - *कानूनद्वारा शासनले देशलाई नियन्त्रण गर्छ*

- *एउटामा नागरिक सुरक्षित हुन्छ*
  - *अर्कोतामा नागरिक डराउँछ*

- *एउटामा कानून ढाल हुन्छ*
  - *अर्कोतामा कानून हतियार बन्छ*


## अध्याय ३ तर्फ

- *समस्या अझ गहिरो छ*

- *कहिलेकाहीँ कानून गलत प्रयोग मात्र हुँदैन*
  - *कानून आफैँ अन्यायलाई जोगाउने संरचना बन्छ*

*अब अगाडि—*

- *जब कानूनले नै अन्यायलाई जोगाउँछ*
  - *संरक्षण कि शोषणको प्रणाली?*


विधिको शासन:
कानून सबैभन्दा माथि
यहाँ प्रधानमन्त्रीदेखि सामान्य नागरिकसम्म सबैका लागि एउटै नियम र एउटै न्याय हुन्छ।
कानूनद्वारा शासन:
नियन्त्रणको हतियार
यसमा कानूनलाई शासकले आफ्नो सुविधाअनुसार जनता दबाउन र शक्ति प्रदर्शन गर्न प्रयोग गर्छन्।
पक्ष
विधिको शासन (Rule of Law)
कानूनद्वाल शासन (Rule by Law)
कानूनको भूमिका
न्यायको ढाल
नियन्वणको हतियार
सरकारको स्थान
कानूनको अधीनमा
कानूनभन्दा माथि
मुख्य उद्देश्य
अधिकारको रक्षा
स्वतन्त्रतामा अंकुश
समानता विरुद्ध विभेद
विधिको शासनमा सबै बरावर हुन्छन्।
समानता विरुद्ध विभेद
शक्तिशालीलाई नरम र कमजोरलाई कडा कानून लाग्छ।
व्यावहारिक प्रभाव र वास्तविकता
नागरिकको अवस्था:
सुरक्षा
नागरिकको अवस्था:
डर
सरकारी कागज र जनताको दायित्व:
सरकारी गल्तीको जिम्मेवारी सरकारकै हुने
सरकारी कागज र जनताको दायित्व:
डोजरको डरमा बाँच्नुपर्ने
न्यायको असन्तुलन:
न्यायको सन्तुलन
न्यायको असन्तुलन:
मानिस विरुद्ध वन्यजन्तु

# अध्याय २ सन्दर्भ सामाग्रीहरू


Dicey, A. V. *Introduction to the Study of the Law of the Constitution.* London: Macmillan, 1885.

Fuller, Lon L. *The Morality of Law.* New Haven: Yale University Press, 1964.

Raz, Joseph. *The Authority of Law: Essays on Law and Morality.* Oxford: Clarendon Press, 1979.

Tamanaha, Brian Z. *On the Rule of Law: History, Politics, Theory.* Cambridge: Cambridge University Press, 2004.

United Nations. *What is the Rule of Law?* New York: United Nations, 2004.

World Justice Project. *Rule of Law Index 2023.* Washington, DC: World Justice Project, 2023.

Ministry of Law, Justice and Parliamentary Affairs, Government of Nepal. *Constitution of Nepal 2015.* Kathmandu: Government of Nepal, 2015.

International Commission of Jurists. *The Rule of Law and Human Rights.* Geneva: ICJ, 1959.